बैठक मिति: २०७९/१/२३

बैठक संख्या: २१

छलफल तथा निर्णय:

१. संघीय सरकारबाट स्थानीयतह तथा प्रदेश सरकारलाई प्रदान गरिने समपूरक अनुदानमार्फत सम्बन्धित स्थानीयतह तथा प्रदेश सरकारमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको लागि प्रस्ताव आह्वान गरिएकोमा प्राप्त प्रस्तावहरुको समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ का आधारमा मूल्याङ्कन गरी आगामी आ.व. २०७९/८० मा समपूरक अनुदान मार्फत स्थानीयतह तथा प्रदेश सरकारबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत अनुमान समितिबाट स्थानीयतह तर्फ रु ७३१.३१ करोड र प्रदेश सरकार तर्फ रु ६२९.७१ करोड गरी कुल रु १३६१.०२ करोड बजेट सीमा प्राप्त भए बमोजिम उल्लिखित बजेट सीमा भित्र रही स्थानीयतहतर्फ ७६१ आयोजना/कार्यक्रमका लागि रू ७२७.२ करोड र प्रदेश सरकारतर्फ ८० आयोजना/कार्यक्रमका लागि रू.६२९.६ करोड बजेट विनियोजन गर्न समपूरक अनुदान आयोजना /कार्यक्रम छनौट समितिबाट सिफारिस भए बमोजिम छनौट भएका आयोजना /कार्यक्रमहरूको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने।

२. संघीय सरकारवाट प्रदान गरिने विशेष अनुदान मार्फत प्रदेश तथा स्थानीय सरकारले सम्बन्धित तहमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमको लागि प्रस्ताव आह्वान गरिएकोमा प्राप्तप्रस्तावहरुको विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ का आधारमा मूल्याङ्कन गरी आगामी आ.व. २०७९/८० मा विशेष अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने नयाँ तथा क्रमागत आयोजना/कार्यक्रमका लागि राष्ट्रिय स्रोत अनुमान समितिबाट प्रदेशतर्फ रु ४५६.५ करोड र स्थानीय तहतर्फ रु ९१४.१ करोड गरी कुल रु १३७१.६ करोड बजेट सीमा प्राप्त भएबमोजिम उल्लिखित बजेट सीमा भित्र रही प्रदेशतर्फ ६९ आयोजनाको लागि रू. ४५६.४२ करोड र स्थानीय तहतर्फ ८५८ आयोजनाको लागि रू. ९१४.०९ करोड बजेट विनियोजन गर्न आयोजना/कार्यक्रम छनौट समितिबाट सिफारिस भए बमोजिम छनौट भएका आयोजना कार्यक्रमहरूको संलग्न विवरण जानकारी तथा आवश्यक कार्यार्थ अर्थ मन्त्रालयमा पठाउने।

३. नेपाल सरकारको तर्फबाट संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत हुने नीति तथा कार्यक्रमको मस्यौदामा आयोगको बैठकमा प्राप्त सुझावहरू समावेश गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(8) 1.4.081